# औरही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### औरही, महोत्तरी

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकशित मिति २०७६/०२/१५)**

उपरोक्त बिषयमा यस कार्यालयको चालु आ.व. ०७५/७६ मा आधारभुत स्वास्थ्य केन्द्रको सशर्त अनुदानको स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका अर्न्तगत तपसिल अनुसारका वडाहरुमा स्वास्थ्य केन्द्र भवन निर्माण गर्नु पर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र खरिद गरी तपसिल अनुसारको शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. बोलपत्र यस कार्यालयबाट तपसिलको दस्तुर (फिर्ता नहुने गरी) खरिद गरी यो सूचना प्रकाशित भएको ३१ औं दिनको १२:०० बजे भित्र शिलबन्दी गरी बोलपत्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
२. दर्ता भएको शिलबन्दी बोलपत्रहरु ३१ औं दिनको २:०० बजे बिभिन्न कार्यालयको प्रतिनिधि, यस कार्यालयको प्रतिनिधि र बोलपत्र दाताको प्रतिनिधिको रोहबरमा खोलिने छ, तर बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. प्रत्येक कामको लागि अलग अलग बोपपत्र खरिद गरी अलग अलग दाखिला गर्नु पर्नेछ ।
४. बोलपत्रमा दररेट भर्दा अंक र अक्षरमा प्रस्ट खुलाई भर्नुपर्ने छ, र अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ साथै दररेट केरमेट भएमा दस्तखत गरेको हुनु पर्नेछ ।
५. बोलपत्र साथ तल उल्लेख गरिएको रकम यस कार्यालयको सिटिजन बैंक औरही हि.नं. ००६६००००१२७ CA धरौटी खातामा जम्मा गरेको सक्कल नगद जम्मा भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा १२० दिन म्याद भएको सक्कलै बोलपत्र जमानत पेश गर्नुपर्ने छ ।
६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने वा दर्ता गर्ने मितिमा सार्वजनिक विदा परेमा कार्यालय खुलेपछी नियमानुसार हुनेछ ।
७. बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
८. वोलपत्र सम्बन्धी थप जानकारी आवश्यक परेमा यस कार्यालयमा कार्यालयमा समयमा सम्पर्क राख्न सकिनेछ ।
९. बोलपत्र स्वीकृत भई सम्झौता भएका फर्महरुले ०७७ जेष्ठ मसान्त भित्र कार्य सम्पन्न गरी सक्नुपर्ने छ, म्याद भित्र काम सम्पन्न नभएमा मुल्य बृद्धि दिईने छैन ।
१०. बोलपत्र सम्वन्धी अन्य थप कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।
११. यस सम्वन्धी कुनै कुरा थप गुर्न पर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गर्न सकिनेछ ।

**तपसिल:**

| सि.नं | ठेक्का नं. | कामको विवरण | कूल ल.इ.(मु.अ.कर वाहेक) रु. | बोलपत्र दस्तुर | बोलपत्र जमानत |
|---|---|---|---|---|---|
| १ | ०१-०७५/७६ | सार्वजनिक स्वास्थ्य भवन निर्माण औरही न.पा. २ | २८,९२,७७९.१५ | ३,०००।- | ८५,५०० |
| २ | ०२-०७५/७६ | सार्वजनिक स्वास्थ्य भवन निर्माण औरही न.पा. ३ | ५०,६१,०२२.६२ | ३,०००।- | १,४९,५०० |
| ३ | ०३-०७५/७६ | सार्वजनिक स्वास्थ्य भवन निर्माण औरही न.पा. ४ | ५०,८१,०१४.३७ | ३,०००।- | १,५०,००० |
| ४ | ०४-०७५/७६ | सार्वजनिक स्वास्थ्य भवन निर्माण औरही न.पा. ५ | २८,७९,६५०.५८ | ३,०००।- | ८५,००० |
| ५ | ०५-०७५/७६ | सार्वजनिक स्वास्थ्य भवन निर्माण औरही न.पा. ६ | २९,०१,५३१.५४ | ३,०००।- | ८६,००० |
| ६ | ०६-०७५/७६ | सार्वजनिक स्वास्थ्य भवन निर्माण औरही न.पा. ७ | २९,१०,२८३.९२ | ३,०००।- | ८६,००० |
| ७ | ०७-०७५/७६ | सार्वजनिक स्वास्थ्य भवन निर्माण औरही न.पा. ८ | २९,०१,५३१.५४ | ३,०००।- | ८६,००० |

चुडाराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

.........................
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner